होसियार! सम्भव छ कि एक व्यक्ति आफ्नो अडेसदार आसनमा अडेस लगाएर विराजमान हुनेछ,र मेरो हदीस ऊ समक्ष पुग्नेछ र उसले भन्नेछ: हामी र तपाईं बीच (निर्णयको मामिलामा) केवल अल्लाहको किताब छ

मिकदाम बिन माअ्दिकरिब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "होसियार! सम्भव छ कि एक व्यक्ति आफ्नो अडेसदार आसनमा अडेस लगाएर विराजमान हुनेछ,र मेरो हदीस ऊ समक्ष पुग्नेछ र उसले भन्नेछ: हामी र तपाईं
बीच (निर्णयको मामिलामा) केवल अल्लाहको किताब छ । हामीले यसमा जे कुरा वैध पाउनेछौं, त्यसलाई हामी वैध मान्नेछौं र जे निषेधित पाउँनेछौं, त्यसलाई निषेध मान्नेछौं । यद्यपि, निस्सन्देह, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले निषेध गर्नुभएको
कुरा पनि त्यसरी नै हराम (वर्जित) छ जसरी अल्लाहले हराम गर्नुभएको छ ।
[सही] [अबू दाउद, तिर्मीजी र इब्ने माजहले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यस हदीसमा भन्नुभएको छ : यस्तो समय चाँडै नै आउने छ, जब यस्ता व्यक्तिहरू देखा पर्नेछन्, जसमध्ये एक आफ्नो ओछ्यानमा बसेको हुन्छ र उसलाई नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित हदीसको बारेमा सूचित गरिनेछ, तर उसले भन्नेछ: हामी र तिमीहरूका बीचमा फरक पार्ने कुरा पवित्र कुरआन हो, यो हाम्रो लागि पर्याप्त छ । हामीले यसमा जे वैध पाउँछौं त्यसैको अनुसरण गर्नेछौं र जे निषेधित छ, हामी त्यसबाट टाढा रहनेछौं । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट गर्नुभयो किय, उहाँको (हदीस) सुन्नतमा हराम वा निषेध गरेको सबै कुराहरू अल्लाहले आफ्नो पुस्तकमा निषेध गरे जस्तै नियममा छन् । किनभने उहाँ आफ्नो पालनकर्ताको दूत हुनुहुन्छ।

http://www.sunnah.global/hadeeth/ne/show/65005